Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# इतिहास र समाज : अन्योन्याश्रित सम्बन्ध

**मुरारीकृष्ण गौतम**
सहप्राध्यापक,सरस्वती बहुमुखी क्याम्पस
इमेल : prof.mgautam@gmail.com
Doi: https://doi.org/10.3126/hisan.v10i1.74923

## सार

*इतिहास कालक्रमिक र त्रिकालदर्शी शास्त्र हो समाजको संरचनात्मक सिर्जना सँगसँगै मानवीय उपलब्धीहरुको पनि अन्योन्याश्रित हुँदै प्रत्येक क्रियाकलापहरुको अभिलेखन र प्रक्रियाद्वारा प्रत्यक्षीकरण निरन्तरर परिचालित हुन्छ । समाजका प्रत्येक फेरबदल र परिवर्तनहरुलाई इतिहासले वस्तुपरक यथार्थताको कसिभित्र मूल्याङ्कन गरिरहन्छ । समाजको समसामयिक पक्ष र इतिहास विधाको अध्ययनक्षेत्र सँगसँगै चलायमान हुने गर्दछ । त्यसैले इतिहास समाजको दर्पण हो भने राष्ट्रलाई चिनाउने सकल ऐना पनि हो । इतिहास समाज (History & Society) एक अर्काका परिपूरक विषयहरू हुन् । दुवैमा निरन्तर अन्योन्याश्रित सम्बन्ध रहिरन्छ । लगातारिताका रूपमा कायम रहेको अन्तरसम्बन्धकै कारण तिनीहरूको शृङ्खलाबद्ध विकास प्रक्रिया अगाडि बढिरहन्छ । एउटाको अभावमा अर्कोको अस्तित्व, पहिचान, प्रगति सबै कुरा अवरुद्ध हुन्छ । जसरी दिनको अस्तित्व रातसँग अन्तरनिहीत हुन्छ, जसरी औंलाको सुन्दरताका लागि नङ र मासुको सबलतम स्वरूप अनिवार्य छ । त्यस्तै "माटोलाई ढुंगाको भर, ढुंगालाई माटाको भर" भनेजस्तै इतिहास र समाजजस्ता बहुआयामिक विषयहरू पनि अविछिन्न घनिष्टतम सम्बन्धका निमित्त मुखापेक्षी हुन्छन् किनकी समाजको विकास, समसामयिक पक्षको उन्नति, प्रगति सबै मानवीय क्रियाकलाप, योगदान र उपलब्धीसँग सानिध्य हुन्छ । समाजको सम्पूर्ण परिवर्तन, फेरबदल र सुदृढीकरणका यावत चरणहरूलाई इतिहासजस्तो महत्वपूर्ण शास्त्रले नै गहनतम् अध्ययन-अनुशीलन गरिरहेको हुन्छ । यही सन्दर्भलाई दृष्टिगत गरेर प्रस्तुत लेखमा यी दुई विषयहरूको पारस्परिक निकटताको प्रसंगलाई प्रकाश पार्ने प्रयत्न गरिएको छ ।*

**विशिष्ट पदावली** : प्रत्यक्षीकरण, मानव-अस्तित्व, श्रृंखलाबद्ध विकास, वस्तुपरक यथार्थता ।

## अनुसन्धान विधि

देश र समाजको समसामयिक सम्पूर्ण पक्षहरू जसलाई आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, शैक्षिक, सांस्कृतिक आदिको परिचय उपलब्ध गराउने सबैभन्दा महत्त्वपूर्ण, गहन साधन इतिहास शास्त्र नै हो । समाजभित्रका परिचालित सकारात्मक एवम् नकारात्त्मक प्रचलनहरूलाई यथार्थताको कसीमा तौलेर सुधारात्मक दिशा निर्देश गर्न यसले गहकिलो भूमिका खेल्दछ । मानव समुदायका ठीक-वेठीक, असल खराब, उचित-अनुचित, राम्रा-नराम्रा दुवैखाले क्रियाकलापहरु चलिरहेका हुन्छन् । उपयुक्त कार्यहरुले समाजलाई सकारात्मक दिशातार्फ गतिशिलता प्रदान गर्दछ भने अनुपयुक्त कार्यले समाजलाई विसंगतितर्फ धकेल्छ, जुन विसंगतिलाई सुधार गर्न समाजमा एक किसिमको द्वन्द्व पनि चल्दछ, बृहत्ताकारमा विद्रोहसमेत हुन पुग्दछ । निष्कर्षमा तौलदा कालान्तरमा समाज सुदृढीकरणतर्फ अग्रसर हुन्छ । यसरी प्रगतिपथमा अगाडि बढिरहेको समाजको साङ्गोपाङ्गो स्वरूपको अध्ययन गर्न इतिहास दर्शनकै ठूलो उपादेयता रहन्छ ।

इतिहासलाई संकुचित भावबाट हेर्ने सीमित दृष्टिकोण भएकाहरू यसलाई कथाको रूपमा हेर्छन् र आनन्द अनुभव हासिल गर्न त्यसैलाई कथाकै रूपमा ग्रहण गर्ने गर्दछन् तर इतिहास त्यसमा मात्र सीमित छैन र हुँदैन पनि । तत्कालीन समाजमा घटित सबैखाले घटनाहरूको यथार्थपरक, वस्तुनिष्ठ, सत्यतथ्य विवरणहरू जनसमक्ष सुसूचित गर्न यसको अहम् भूमिका हुन्छ । वास्तविक रूपमा के भएको थियो ? भन्ने अनुभव दुरुस्तसँग पस्कने कार्य यही विषयको दायित्वभित्र पर्दछ । यसर्थ इतिहास र समाजको अध्ययनमा बडा सावधानीका साथ सक्रियता निर्वाह गर्नुपर्ने हुन्छ ।

इतिहास विषयको अध्ययन आग्रह-पूर्वाग्रह, राग अनुराग, शोध-प्रतिशोध, मिथ्यांक प्रस्तुति र दिग्भ्रमित बनाउने तौरतरिकाबाट प्रभावित हुनुहुँदैन । कपोलकल्पित, मनोगणन्त, अतिरञ्जनात्मक र अतिशयोक्तिपूर्ण बढाईचढाइ गरेर तथ्यहरूलाई बंग्याउनु पनि हुँदैन । यो ज्यादै संवेदनशील, चुनौतीपूर्ण, यथार्थपरक विषय भएकोले विज्ञ, विशेषज्ञहरूले निर्भयताका साथ बफादार भएर प्रामाणिकताको बलमा वास्तविकता उद्घाटन गर्नुपर्छ । विज्ञानले नवीन आविष्कार गर्दा प्राविधिक कक्षमा गवेषणात्मक संपरीक्षण गरेजस्तै इतिहासका अध्ययन । कक्षमा ऐतिहासिक स्रोत तथा सामग्रीहरूको परीक्षण-पुनर्परीक्षण, संपरिक्षण गर्दै सत्यान्वेषणबाट निस्किएका निष्कर्षलाई विश्वसनीय ढंगवाट प्रस्तुतीकरण गर्नुपर्दछ । यही सन्दर्भलाई हृदयंगम गरेर ऐतिहासिक शोधविधि प्रक्रियागत पद्धति अपनाएर यो लेख तयार पारिएको छ । अन्तरसंवाद, साक्षात्कार, छलफलका निचोडहरूलाई प्राथमिकतामा राखेर पुस्तकालयीय स्रोत तथा सहायक सामग्रीहरूका उपयुक्त तथ्यहरूलाई यथोचित स्थान दिने कुरामा विशेषतः ध्यान पुऱ्याइएको हुनुपर्दछ ।

## अनुसन्धानको महत्व

अनुसन्धानमूलक खोजतलास गर्ने कार्य आफैमा चुनौतीपूर्ण हुने गर्दछ । परीक्षण, संपरीक्षणबाट निस्केका भरपर्दा तथ्यहरूलाई जनमानसमा ऊजागर गर्नु संवेदनशील पक्ष पनि हो । सत्य, न्याय, इमानको पक्षमा निरन्तर साधनारत हुन, कम जोखिमयुक्त हुँदैन । तथापि समाजका सबै पहलुहरूको वस्तुनिष्ठ अध्ययन अनुशीलन गर्दा ती सबै पक्षको सामना गर्नेपर्ने हुन्छ । इतिहासकारहरूले विगतलाई वर्तमानसँग जोडेर भविष्यप्रति दिशानिर्देश गर्नुपर्ने अहम् दायित्व बोकेको हुनाले अनेकौं व्यवधान चिरेर भए पनि समाज र राष्ट्रलाई भविष्यप्रतिको सचेतना प्रक्षेपण गर्नै पर्दछ । राष्ट्रलाई समुचित मार्ग प्रशस्त गर्न ऐतिहासिक वास्तविकताको खुलासा गर्दै नीतिनिर्माताहरूलाई त्यसतर्फ दायित्व निर्वाह गर्न उत्प्रेरित गर्नुपर्दछ । त्यसैले समाजका सबै पहलुहरूमाथि ऐतिहासिक विश्लेषण गर्नु अपरिहार्य हुन्छ । मानवले शारीरिक विकास गरे सँगसँगै मानसिक उन्नति पनि गयो । उक्त प्रगतिसँगै सामाजिक परिस्थिति र परिवेशहरू पनि बदलिए । मानवीय प्रगति र सामाजिक उन्नति एकअर्काप्रति अभिन्न अङ्गका रूपमा क्रियाशील भए । दुवैले आ-आफ्ना विकासवादी भौतिक चरण र श्रृंखलाहरू पार गर्दै वर्तमान अवस्थासम्म आइपुगेको हो । मानव विकासका चरण र समाज विकासका श्रृंखलाबद्ध अभियानहरू तत्कालीन क्रियाकलापहरु सँगसँगै परिचालित भएर आधुनिकता ग्रहण गर्न पुगेका हुन । अब पनि समाज प्रगतिपथमा गतिशील भइरहन्छ र इतिहास पनि समाजको बहुआयामिक अन्तरवस्तुका अनुभवहरु सम्हाल्दै अभिन्नताका हिसाबले परिचालित भइरहन्छन् । दुवैको गति रोकिदैन । कठिनाइको सामना गर्दै उपलब्धीहरुको जगेर्ना पनि गर्नुपर्ने हुनसक्छ । व्यवधान उत्पन्न हुनसक्छन्, गतिरोध नआउलान् भन्न पनि सकिन्न तर यिनीहरूको कहिल्यै अन्त्य वा समाप्ति हुँदैन । रूप, स्वरूप, रंग, संरचनात्मक ढाँचामा केही बदालाव आउनसक्छ । यसर्थ जहिल्यै पनि परिवर्तनलाई मध्यनजर गरेर इतिहास र

समाजको पारस्पिरिक सुमधुर घनिष्ठ सम्बन्धलाई विश्लेषण गर्ने प्रयास स्वरूप यो लेख तयार भएको हो । यो विषय जति संवेदनशील र गहन छ त्यत्तिनै अहम् र महत्वपूर्ण पनि छ ।

## परिचय

इतिहास र समाज (History & Society) एउटै सिक्काका दुईवटा पाटाहरू हुन् । सिक्काको अग्रभागको अस्तित्व पछाडिको भागसँग अन्तरसम्बन्धित छ । दुवै भागको मेलमिलापबाट सिक्का सबल र अब्बल भएको हुन्छ । सिक्काको पूर्णताको निमित्त दुवै भागको समान भूमिका र बराबर योगदान हुन्छ । अगाडिको भागमा लेखिएका ऐतिहासिक विवरणहरू पछाडिको भागसँग अन्तरसापेक्षित हुने गर्दछन् । दुवैको गरिमा, महत्व, उपयोगिता बराबरी हैसियतको हुन्छ । इतिहास र समाज पनि समान रूपमा तुलनित हुने विषयहरू हुन् ।

मानव समुदायहरूले उत्पत्ति कालदेखि नै चरणबद्ध विकासको मार्ग समातेको हो । डार्बिन महोदयले प्रतिपादन गरेको सिद्धान्तअनुरूप ५ वटा चरणहरू पूरा गरेर मानवले (एलेक्सिभ, १९८० : २९४) आधुनिक शारीरिक विकास प्राप्त गरेको हो । रामापिथेकसदेखि होमो स्यापियन्स्सम्म आइपुग्दा मानव जातिले लाखौं वर्षको जीवन संघर्षको गाथा संगालेका छन् । त्यस अवधिमा आदिमानव समुदायले बाँच्नका लागि अनेकौं संघर्ष गरेको थियो । उक्त संघर्षको बलमा आदि मानवले क्रमिक गतिका साथ शारीरिक र मानसिक विकास पनि सँगसँगै गयो । उनीहरूले आवश्यकता अनुरूप नवीन आविष्कार पनि गर्दै गए । एक्लै घुमेर हिँड्ने वानी त्यागे । समूहमा बस्न थाले । आगोको आविष्कार भयो । लाज ढाकेर हिँड्ने प्रवृत्तिको विकास (खत्री, २०५५ : ५६-८) भयो । विस्तारै कन्दमूललाई घरायसीकरण गरेर पकाएर खाने प्रवृत्ति बढ्न थाल्यो । कृषि, आवास, समाज, सभ्यता, संस्कृति, ज्ञानविज्ञान, कलासाहित्य, मनोविनोदको परिवेश उत्पन्न र विकास (इन्गोल्ड, १९८६ : ३०१) हुँदै गयो ।

एक्लै-एक्लै यायावीरको घुमन्ते जीवन बिताएका आदि मानवहरूले समुदाय, कविला सामाजिक स्वरूपको संरचनात्मक ढाँचा तयार गर्दै व्यवस्थित समाजको विकास गर्दै गए । प्राक इतिहास, आद्य इतिहास, प्राचीन इतिहास, मध्यकालीन इतिहास, आधुनिक इतिहास हुँदै वर्तमानकालीन आधुनिकतासँग ती मानव समुदायको प्रगतिगाथा निरन्तर विकसित हुँदै यहाँसम्म आइपुग्यो । यसरी पूर्ण आधुनिक सुसभ्य र सुसंस्कृतियुक्त समाजको अवस्थामा आइपुग्न (ट्रिन्कउस, १९८९ : २७१) मानिसलाई लाखौं-अरवौं वर्षको जीवन संघर्षको अनुभव समेटिएको छ । प्रत्येक ऐतिहासिक युगधारामा समाजको विहंगम किसिमले प्रगति भयो । समयको गतिसँग फेरबदल र परिवर्तनहरू उत्पन्न भए । सामाजिक प्रथाहरू पनि एकपछि अर्को थपिने, घट्ने, पुन जोडिने प्रवृत्तिको समेत (टोवियस, १९८० : ३११) विकास भयो । राम्रा पक्षहरूले संस्कृति र सभ्यताको रूप ग्रहण गरे । कतिपय कुसंस्कार, कुरीति र कुप्रथाहरू पनि समाजभित्रै पन्पिदै जान थाले । कहिलेकाही असल र खराबका बीचमा द्वन्द्व पनि भयो । विसंगतिलाई फ्याँक्न त्यही समाजबाट प्रतिरोध अभियान पनि चल्यो । सामाजिक-सांस्कृतिक अभियन्ताहरूले गुण र दोषका आधारमा सामाजिक परम्पराहरूको उत्थान र पतन गराए । त्यस किसिमको सामाजिक अन्तरविरोध तथा पारस्परिक सहकार्य यद्यपि परिचालित भएको पाइन्छ जुन समाजका उपलब्धिहरु सावित भइरहेका देखिन्छन् ।

## इतिहास दर्शन

हेरोडोटसबाट सुरु भएको इतिहास लेखन पद्धतिले समाजभित्र मानव समुदायले खेलेको भूमिका, पुर्‍याएको योगदान, प्राप्त गरेको अनुभव र उपलब्धिहरूलाई लिपिबद्ध गर्ने र अभिलेखन समेत गर्ने परिपाटीको थालनी

भयो । थसिडिड्स्, पोलिवियस्, काम्टे, राङ्के, कलिङ्गउड् भोल्तेयर र रुसोजस्ता प्रतिष्ठित विद्वान्हरूले इतिहास विषयलाई शास्त्र, दर्शन तथा प्राविधिक विज्ञानसँग (स्टेर्न, १९७० १९३) निकटवर्ती बनाएर बृहत्तर खोजी र अध्ययन अनुशीलनको विषय बनाइदिए । वैज्ञानिक तरिकाबाट अध्ययन र अनुशीलन गर्ने प्रचलन सुरु गरे । ऐतिहासिक स्रोत तथा सामग्रीहरूलाई नासिन नदिनेतर्फ चेतना अभिवृद्धि गरे । Proto History देखि Contemporary History सम्मको सम्बन्धलाई जोड्ने (कार, १९६४ १८७) प्रयत्न गरे । प्रामाणिकता, विश्वसनीयता, भरपर्दोपना र यथार्थतालाई विशिष्ट आधार मानेर इतिहास लेखनको उपयुक्त मार्ग तय भयो ।

इतिहासको रचना गर्ने, इतिहास विनिर्माण गर्ने सपूत, शहीद, अभियन्ता, विद्वान्, दार्शनिक सबैलाई इतिहास विषयको गाम्भीर्यतालाई सुझबुझका साथ सार्वजनिकीकरण गर्न पनि प्रेरित गरियो। यी सबै प्रयत्नले इतिहासको विषयको संकुचित परिभाषामा बदलाब आयो । अब यो विषय कथावाचनको आनन्दविभोर भावमा सीमित रहेन । यसले समाजको साङ्गोपाङ्गो स्वरूपलाई अध्ययन गर्न अभिरुचि जगायो । विगतलाई वर्तमानसँग जोडेर भविष्यद्रष्टाको रूपमा (रोज, १९६३ : २०३) यसले व्यापकता पाउन थाल्यो । यो विषय सबै विषयको अभिभावकीय भूमिकामा केन्द्रिकृत भयो । समाजको अध्ययन गर्न आकर्षित भएका समाजशास्त्र, नृतत्वशास्त्र, राजनीति शास्त्र, अर्थशास्त्र आदि सबैको अभिभावक भएर इतिहासदर्शन शास्त्रले आफ्नो वृहत्तर र गहनतम महत्ता (स्टोवेल, १९५० : ३४४) प्रदर्शन गरेको छ । वर्तमान अवस्थामा प्राकृतिक इतिहास (Natural History) तथा मौखिक इतिहास (Oral History) समेतको खोजी अभियानमा विद्वान्हरूको चासो अभिवृद्धि भइरहेको देखिन्छ ।

## समाज र सामाजिक सन्दर्भ

ब्रम्हाण्डको एउटा एकाइ हो समाज । समाजकै वृहत्तर स्वरूपबाट राष्ट्र बन्दछ र धेरै राष्ट्रहरूको बनावट र स्वरूप ब्रम्हाण्डभित्र अटाएका छन् । त्यहाँ जल-जलचर, थल-थलचर, नभ-नभचर वरिपरिकै परिवेशमा हुर्किएका छन् । प्राणी, वनस्पति आ-आफ्नै घरपरिवेश सरह त्यहाँ सबैको आफ्नै मौलिक अस्तित्व (शर्मा, २०३९ : २३०) कायम छ । समाज भन्ने वित्तिकै मानवीय कृयाकलाप, आरोह-अवरोह, उत्थान- पतन, उन्नति-अवन्नतिको सम्पूर्ण अध्ययन भन्ने बुझिन्छ । समाज-सामाजिक बनावट, संरचना, पद्दति, प्रवृत्ति सभ्यता-संस्कृति सबै विषय-सवालहरू समाजभित्र अन्तरनीहित पहलुहरू हुन् । यसभित्र सबै पक्ष समावेशीकृत हुन्छ । राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक, धार्मिक, शैक्षिक, सांस्कृतिक पक्षका विविधताहरू (सिंह १९९९ : ५०४) समाजभित्र अन्तरनीहित हुन्छन् । यी प्रत्येक पक्षले समाजकै उन्नति र प्रगतिका लागि निश्चित नीति नियम, पद्धति, प्रणाली, ढाँचा, स्वरूप तय गरेका हुन्छन् । सामाजिक आचरणका नीतिगत नियम र अनुशासन समेत निर्दिष्ट गरिएका हुन्छन् । त्यसैले नै मानिसलाई सामाजिक प्राणी भनिएको हो ।

## इतिहास र समाजका बीचको अभिन्नपन

इतिहास र समाजका बीचको पारस्परिक सहअस्तित्व बोधका बारेमा माथि पनि प्रसंगहरू उल्लेख गरिसकिएको छ । यहाँ यी विषयहरू किन अन्तरसम्बन्धित हुन पुगेका हुन् ? भन्ने सन्दर्भलाई संक्षिप्त चित्रण गरिन्छ । इतिहासको अध्ययनक्षेत्र समाज हो । हुनत, इतिहास भन्ने वित्तिकै सजीव-निर्जीव सबैको मौलिक जीवनचक्र हुन्छ । प्राण नभएको वस्तुहरूको पनि इतिहास सुरक्षित हुन्छ । त्यसको अस्तित्व कहाँबाट प्रारम्भ भएर यस अवस्थासम्म आइपुगेको हो, त्यसको नालीबेली खोतल्न (मिश्र, चैतन्य, अन्तर्वार्ता, २०७३ मंसिर १४ गते)

सकिन्छ । सजीव प्राणीको त इतिहास नहुने भन्ने कुरै हुँदैन । त्यसमध्ये पनि ज्ञान, बुद्धिविवेक, सीप, क्षमता, दक्षता, अनुशासन भएको प्राणी भनेको मानिस नै हो ।

मानव विकासको प्रारम्भिक चरणदेखि आधुनिकता ग्रहण गर्दासम्मको ऐतिहासिक कालखण्डमा मानव समुदायले ज्यादै ठूलो संघर्ष गर्यो । भयानक कठिनाई भोग्यो, अनेकौं हण्डर पनि खायो । काँचो कन्दमूल खाने, घुमन्ते जीवन जिउने, ओढारमा बस्ने, नाङ्गै हिँड्ने, हिंस्रक जन्तुको आक्रमणवाट बच्ने जस्ता कहालीलाग्दा क्षणहरू पार लगाएर बाँच्नका निमित्त ठूलो संघर्ष गर्दै सुरक्षित तवरबाट जीवन निर्वाह गर्न सफल भयो । "आवश्यकता नै आविष्कारको जननी हो" भनेजस्तै परिस्थितिअनुसार (भट्टराई, घनश्याम, अन्तर्वार्ता २०७३ मंसिर १४ गते) तत्कालीन मानव पूर्खाहरूले क्रमिक रूपमा सामूहिकता ग्रहण गरे । पाषाणकालीन युग नवपाषाणकालीन युगबाट वन्यजन्तुका आक्रमणबाट बच्ने जस्ता कहाली लाग्दा क्षणहरू पार लगाएर बाँच्नका निमित्त ठूलो संघर्ष गर्दै सुरक्षित तवरबाट जीवन निर्वाह गर्न सफल भयो । आवश्यकता नै आविष्कारको जननी हो" भनेजस्तै परिस्थितिअनुसार (भट्टराई, घनश्याम, अन्तर्वार्ता २०७३ मंसिर १४ गते) तत्कालीन मानव पूर्खाहरूले क्रमिक रूपमा सामूहिकता ग्रहण गरे । पाषाणकालीन, नवपाषाणकालीन युगबाट त्राण पाउँदै आधुनिकता ग्रहण गरे । ग्रामीण सभ्यताबाट नगरीय, शहरीय सभ्यतामा मानिसलाई पदार्पण गराए । यहाँसम्म आइपुग्न मानवपूर्खाहरूले समय, श्रम, संघर्ष, त्याग, बलिदान जय-पराजय अनेकौं कुराहरू (भट्ट, चन्द्रदेव, अन्तर्वार्ता २०७४, फागुन ९ गते) खर्चिएका छन् । उनीहरूकै अभूतपूर्व योगदान अथकित कार्य, सदासयताबाट समाज उन्नतितर्फ अग्रसर भयो । यसरी विनिर्मित समाजको साङ्गापाङ्गो रूप, बहुआयामिक र बहुकोणीय पक्षबाट इतिहास विधाले समाज र मानवीय क्रियाकलापहरूको हुबहु फेहरिस्त तयार पार्छ । जीवन संघर्षका गाथाहरूलाई लिपिबद्ध गरेर जनमानसमा जानकारी हासिल गराउँछ । तसर्थ इतिहास र समाजका बीचमा पारस्परिक सहयोग, सहकार्य, सद्भाव र अभिन्नपन रहेको छ । एउटाको अस्तित्व अर्कोसँग गाँसिएको छ । यसर्थमा यि विधाहरु एक अर्काका परिपूरक बनेका हुन् ।

## निष्कर्ष

इतिहास र समाज परिपूरक हुन् । तिनीहरूका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । यी दुबै एउटै सिक्काका दुईवटा पाटाहरू हुन् भनेर बराबरीको हैसियतमा तुलनात्मक अध्ययन गरिसकिएको छ । समाजभित्र विविधता, विभिन्नता र विषमता पनि परिलक्षित हुन्छन् । रीतिरिवाज, प्रथा, कुप्रथा समेत प्रचलित भएका हुन्छन् । गुण र दोषका प्रसंग, सन्दर्भ त्यहाँ उठ्ने गर्दछन् । उत्थान र पतनको हिस्सा समाजले भोग्ने गर्दछ । आरोह-अवरोह पनि उत्पन्न हुन्छन् । यी सबै असल तथा खराब पक्षहरूलाई इतिहास शास्त्रले नै अध्ययन अनुशीलन गरेर खराब पक्षलाई छोड्दै, सुधारात्मक दिशातर्फ अग्रसर हुन सामाजिक प्राणीहरूलाई सचेतना जगाउँदै विभाजित मानवीय मनलाई मिलाएर सही मार्गमा अगाडि बढाउन प्रेरित गर्दछ । पारस्परिक सद्भाव, एकता, सौहार्दता तथा कल्याणकारितातर्फ उन्मुख हुन लालायित तुल्याउँछ । त्यसकारण इतिहास र समाज एउटा रथका दुईवटा पाङ्ग्राहरू सरह हुन् । समाज संचालनका लागि दुवै पाङ्गाहरूको उत्तिकै सबल, सक्षम र उत्तरादायित्व निहित रहन्छ ।

## सन्दर्भ सामग्री

### (अ) अन्तर्वार्ता

भट्ट, चन्द्रदेवसँग मिति २०७४ फागुन ९ गते प्रजातन्त्र प्रवर्द्धन केन्द्रको छलफल कार्यक्रममा लिइएको सूचनाअनुसार । निज स्टीफटुङ अध्ययन केन्द्रका अनुसन्धाता हुन् ।

भट्टराई, घनश्यामसँग मिति २०७३ मंसिर १४ गते सिनासमा आयोजित इतिहास र समाजको गोष्ठी कार्यक्रममा प्राप्त सूचनाअनुसार । निज इतिहास केन्द्रीय विभागका प्राध्यापक हुन् र विद्वान् कृक्तिकार पनि ।

मिश्र चैतन्यसँग मिति २०७३ मंसिर १४ गते सिनासमा आयोजित इतिहास र समाजको गोष्ठी कार्यक्रममा प्राप्त सूचनाअनुसार । निज समाजशास्त्र विषयका प्राध्यापक र विद्वान् कृतिकार पनि हुन् ।

### (आ) पुस्तकहरू

इन्गोल्ड, टिम, (१९८६), इभोल्यूसन एण्ड सोसल लाइफ, लण्डन क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

मौलिक एलेक्सिभ, भी.पी., (१९८० ई.), द ओरिजिन अफ ह्यूमन रेस, मस्कोः प्रोग्रेस पब्लिसर्स बैंकक पोष्ट ।

कार, इ.एच., (१९६४ ई.), ह्वाट इज् हिस्ट्री, लण्डन : पेन्गुइन बुक्स ।

खत्री, प्रेमकुमार, (२०५५), उत्पत्ति : मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

दिन्कउस, इरिक, (१९८९ ई.), द इमरजेन्स अफ मोर्डन ह्युमनः वायोकल्चरल एडप्टेसन, लण्डन : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

पोबियस, फिलिप, (१९८० ई.), मेन, माइन्डस एण्ड हैन्डस् : कल्चरल अवेकेनिङ्ग, लण्डन : एस.एल.बी. फाउण्डेसन । रोज, ए.एल. (१९६३ ई.), द युज अफ हिस्ट्री, न्यूयोर्कः पी.सी. पक्लिकेसन्स् ।

शर्मा, जनकलाल, (२०३९), हाम्रो समाज एक अध्ययन, काठमाडौँः साझा प्रकाशन ।

सिंह, जे.पी. (१९९९ ई), सामाजिक परिवर्तन : स्वरूप एवम् सिद्धान्त, नयाँदिल्लीः पी.एस. इन्डिया पब्लिसर्स ।

स्टेनं, एफ. (१९७० ई.), भेराइटिज् अफ हिस्ट्री, न्यूदिल्ली : म्याकमिलन कम्पनी ।

स्टोवेल, जे.टी. (१९५० ई.), इन्ट्रोडक्सन टु द हिस्ट्री अफ हिस्ट्री, न्यूयोर्क : म्याकमिलन कम्पनी ।